# मिति : २०८३/०४/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

**निर्णयहरुः-**

**निर्णय नं. १**ः गत आ.व ०८२/०८३ को बजेट तथा योजनाहरुको कार्यान्वयन प्रगति बारे समिक्षा गरियो। चालु आ.व २०८३/०८४ को बजेट तथा योजना कार्यान्वयन सम्बन्धमा शाखाहरुबाट पेश भएको वार्षिक कार्ययोजना उपर छलफल पश्चात संसोधन सहित माथागढी गाउँपालिकाको वार्षिक कार्ययोजना स्वीकृत गरियो।

**निर्णय नं. २**ः भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०८३ को दफा ६ को उपदफा २(क) बमोजिम प्रत्येक स्थानीय तहले बस्तीको तहगत क्षेत्र तोक्नु पर्ने व्यवस्था भए बमोजिम यस माथागढी गाउँपालिकाको तपसिल बमोजिमको क्षेत्रहरुको तहगत क्षेत्र निर्धारण गर्ने।

तपसिल

| तहगत क्षेत्र (**Defined** | निर्धारण गरेको वास्तविक क्षेत्र (**Wards &Specific Areas)** | प्रमुख मापदण्ड र आधार (**Criteria & Indicators)** |
|---|---|---|
| १.गाउँपालिका केन्द्र | माथागढी-४, झडेवा सातमुले बजार क्षेत्र | • गाउँपालिकाको मुख्य प्रशासनिक, कानुनी र वित्तीय् केन्द्र।<br>• सरकारी कार्यालय, बैंक, र मुख्य सेवा प्रदायक संस्थाहरूको उपस्थिति। |
| २.गाउँपालिकाको शहरोन्मुख क्षेत्र | • **वडा नं. ३** को सराई बजार क्षेत्र<br>• **वडा नं. २** को खहरे बजार क्षेत्र | • यातायातको मुख्य चोक, व्यापारिक केन्द्र र तीव्र बस्ती विकास।<br>• गैर-कृषि व्यवसाय (होटल, पसल, ग्यारेज) को बाहुल्यता भएको आर्थिक हब। |
| ३. गाउँपालिकाको ग्रामीण क्षेत्र | **वडा नं. १** (सम्पूर्ण क्षेत्र)<br>• **वडा नं. २** (खहरे बजार क्षेत्र बाहेक सम्पूर्ण क्षेत्र)<br>• **वडा नं. ३** (सराई बजार र खहरे बजार क्षेत्र बाहेक सम्पूर्ण क्षेत्र)<br>• **वडा नं. ४** (झडेवा सातमुले बजार क्षेत्र बाहेक सम्पूर्ण क्षेत्र)<br>• **वडा नं. ५** (हात्तीलुङ्ग सम्पूर्ण क्षेत्र)<br>• **वडा नं. ६** (गोठादी सम्पूर्ण क्षेत्र)<br>• **वडा नं. ७** (रहबास सम्पूर्ण क्षेत्र) | • परम्परागत कृषि, पशुपालन र वन क्षेत्रमा आधारित जीवनशैली।<br>• बजार क्षेत्रभन्दा टाढा रहेका छरिएका पहाडी बस्तीहरू।<br>• पूर्वाधार विकास र सरकारी सेवाका लागि गाउँपालिका केन्द्र र बजारमा निर्भर रहनुपर्ने। |

०८३/४/२५
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | • वडा नं. ८ (बहादुरपुर सम्पूर्ण क्षेत्र) | |
| ४. गाउँपालिकाको शहरी क्षेत्र | हाल कुनै पनि क्षेत्र पर्दैन | गाउँपालिका भित्र महानगर वा नगरपालिका जस्तो पूर्ण रूपमा विकसित 'शहरी कोर' क्षेत्र नभएको। |

**निर्णय नं. ३**: माथागढी गाउँपालिकाको अभिभावक विहिन बालबालिका सम्बन्धि कार्यविधि, २०७९ मा संलग्न बमोजिम संशोधन गर्ने ।

**निर्णय नं. ४**: वर्थिङ्ग सेन्टर प्राथमिकिकरण सम्बन्धमा माथागढी गाउँपालिका अन्तर्गत रहेका सात (७) वटा वर्थिङ्ग सेन्टरहरु मध्ये **रुप्से स्वास्थ्य चौकीमा** रहेको वर्थिङ्ग सेन्टरलाई कसेनी स्वास्थ्य चौकीमा र **रहवास स्वास्थ्य चौकीमा** रहेको वर्थिङ्ग सेन्टरलाई झडेवा स्वास्थ्य चौकीमा मर्ज गर्ने। साथै उक्त मर्ज भएका वर्थिङ्ग सेन्टरका सामाग्री तथा उपकरणहरलाई सम्बन्धित स्वास्थ्य चौकीमा हस्तान्तरण गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ५**: गाउँ कार्यपालिकाको कार्यालयले विगतका वर्षहरु देखि कार्यालय प्रयोजनका लागि भाडामा लिइएका घर/कोठाहरु मध्ये स्वास्थ्य शाखा रहेको कोठाहरुको साविकको भाडामा १०% वृद्धि गरि र अन्य घर/कोठाहरुको साविककै घरभाडा सम्झौता अनुसारको भाडादरमा बढीमा ६ महिनाको लागि घरभाडा सम्झौता नविकरण/म्याद थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति दिने।

**निर्णय नं. ६**: गाउँ कार्यपालिकाको कार्यालयबाट पेश हुन आएका देहाय बमोजिमका कार्यविधि/ मापदण्डहरुको मस्यौदा माथि छलफल तथा रायका लागि कार्यपालिकाका सम्बन्धित विषयगत समितिहरुमा पठाउने।

देहायः

१. HIV संक्रमित व्यक्तिहरुका लागि उपचार तथा पुनःस्थापना सम्बन्धी कार्यविधि, २०८३
२. उत्कृष्ट कार्य सम्पादन गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८३
३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वेच्छिक अवकाश तथा सम्मानजनक विदाई सम्बन्धी कार्यविधि, २०८३
४. माथागढी गाउँपालिका विपन्न उपचार सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८३
५. जग्गा खण्डीकरण/प्लटिङ्ग अनुमति तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३
६. माथागढी गाउँपालिका भवन निर्माण अनुमति तथा इजाजत सम्बन्धी कार्यविधि, २०८३

**मिति : २०८३/०४/२५ को कार्यपालिका बैठकका निर्णयहरु प्रमाणित**

माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

०८३/४/२८

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत